# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ३ जेठ २०८१

# बिहीवार

# बैठक सङ्ख्या- ३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १६:४३ बजे प्रारम्भ भयो ।

(१६:४३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिनुभएको)।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, यो राष्ट्रिय सभाको यो ६ वर्ष पूरा भएर सातौं वर्षको इतिहासमा नयाँ नयाँ पल पनि देखिन थाल्यो। यसले अलि अलि अप्ठ्यारो पनि भइराख्या छ हामी सबैलाई । मलाई लाग्छ म एउटा अध्यक्षको हैसियतले मात्रै नभएर सबैलाई यो अप्ठ्यारो, अलिकति बाहिर पनि अलि चर्चा, अलि नयाँ नयाँ खालको चर्चा परिचर्चा चलिरहेको स्थिति पनि छ। अब यो माननीय सदस्यहरूले जुन विषयवस्तु उठाइराखुभएको छ, त्यसमा अब सरकारको ध्यान आकर्षण गरिराखेकै छ भन्ने लाग्छ। र चाहिँ केही छलफलहरू पनि भइरहेका छन्, गृहकार्यहरू भइरहेकै छ। त्यो तपाईं हामी सबैलाई थाहा भएकै विषय हो। अब अर्कोतिर हामी एउटा जिम्मेवार ठाउँमा बसेका हामीहरूले हामीलाई थाहा छ अध्यादेश आइसकेपछि

अध्यादेशलाई चाहिँ पहिलो बैठकमा नै हामीले पेस गर्नुपर्ने, त्यसमा चाहिँ काम कारबाही अगाडि बढाउनुपर्ने, हाम्रो त्यो काम पनि रोकिएको छ। त्योभन्दा पनि सायद नेपालको सिङ्गो संसदीय इतिहासमा अथवा पहिला नै आफ्नै खालका एउटा परम्परा थिए होलान्। सम्माननीय राष्ट्रपतिज्यूले सम्बोधन गरेको विषयलाई नीति तथा कार्यक्रममा जुन सम्बोधन गर्नुभयो, त्यो सम्बोधन गरिसकेकसी त्यसैको साना एउटा अंश, जसलाई धन्यवाद दिनुपर्ने हामीले, त्यो धन्यवाद पनि दिन पाएनौं, दिएका छैनौं। त्यो कुनै फेरि छुट्टै विषय हो भन्ने लाग्दैन। दुई घण्टा/साढे दुई घण्टा जति राष्ट्रपति सम्माननीय राष्ट्रपतिजीले सम्बोधन गरिसकेपछि त्यसैको एउटा अंश एक मिनेट/दुई मिनेटको काम पनि हामीले रोकिराखेका छौं। अब यसले बाहिर सन्देश कस्तो जान्छ होला? भन्ने पनि हामी सबैले अनुमान गऱ्या छौं जस्तो लाग्छ। मैले त अहिले भर्खर न्युजहरू हेर्दाखेरि अब के के के के आइराखेको छ, मैले अघि माननीयज्यूहरूसँग पनि सेयर गरें ती विषयवस्तुहरू। यसले असाध्यै गम्भीर बनाएको छ जस्तो लाग्छ। हामी मात्रै होइन, सिङ्गो देशै गम्भीर बनेको छ। राष्ट्रिय सभा त्यस्तो होइन। यसले आफ्नो काम कारबाही अगाडि बढाउँछ भनेर पनि हामीले चाहिँ बुझिराखेकै थियौं।

अब त्यस्तै हामीले अस्ति मात्रै कार्यव्यवस्था परामर्शभित्र बैठक बसेर नयाँ कार्यतालिका पनि बनायौं, एउटा गर्वका साथै बनायौं ल हामीले यो यो काम गर्छौं भनेर। त्यसले गर्दा यी सबै विषयवस्तु हाम्रो अगाडि जो छन् तमाम विषयवस्तुहरू, हामी कति जिम्मेवार बन्ने भन्ने विषयवस्तु नै भएको हुनाले मैले माननीय सदस्यहरूलाई बसेर यो काम कारबाहीलाई अगाडि बढाउन हाम्रो आजको बैठकको सबै कार्यतालिकालाई अगाडि बढाउन मद्दत गर्नुहुनेछ र त्यसको लागि सहयोग गर्नुहुनेछ भन्ने विश्वासका साथ मैले यथास्थानमा बसेर काम कारबाहीलाई अगाडि बढाइदिन सहयोग गर्न म विशेष अनुरोध गर्दछु।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

(१६:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, तिनै विषय हुन् कि? अरू नयाँ विषय छ भने त एउटा कुरा भो'।

त्यसले गर्दा मैले यहाँ भन्दैछु अझै, मैले बस्न अनुरोध गरें। बस्न अनुरोध गर्दा अब यदि माननीय सदस्यहरूको त्यस्तो स्थिति हो भने मैले यो बैठक भोलि २०८० साल जेठ ४ गते, अर्को बैठक २०८१ साल जेठ ४ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित गर्छु।

(तदनन्तर, अर्को बैठक २०८१ साल जेठ ४ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी स्थगित भयो)।

**स्थगितः १६:४७ बजे।**